# सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान ऐन, २०७६

<u>प्रमाणीकरण मिति</u>

२०७६।४।१५

<u>प्रस्तावना</u> : सुदूरपश्चिम प्रदेशमा आयुर्वेद स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न तथा गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवामा सर्वसाधारण नागरिकको पहुँचलाई सहज एवं सुलभ तुल्याउन सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयुर्वेद चिकित्सालय" भन्नाले दफा १५ बमोजिम स्थापना भएको चिकित्सालय सम्झनु पर्छ ।

(ख) "उपकुलपति" भन्नाले दफा १८ बमोजिम नियुक्त उपकुलपति सम्झनु पर्छ ।

(ग) "कार्यकारी परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(घ) "कुलपति" भन्नाले दफा १६ बमोजिम नियुक्त कुलपति सम्झनु पर्छ ।

(ङ) "डीन" भन्नाले दफा १९ बमोजिम नियुक्त डीन सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "निर्देशक" भन्नाले दफा २१ बमोजिम नियुक्त निर्देशक सम्झनु पर्छ ।

(ज) “पदाधिकारी” भन्नाले प्रतिष्ठानको उपकुलपति, डीन, रजिष्ट्रार र निर्देशक सम्झनु पर्छ ।

(झ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान सम्झनु पर्छ ।

(ञ) "प्राज्ञिक परिषद्" भन्नाले दफा ९ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ठ) "रजिष्ट्रार" भन्नाले दफा २० बमोजिम नियुक्त रजिष्ट्रार सम्झनु पर्छ ।

(ड) "शिक्षक" भन्नाले आयुर्वेद चिकित्सा शिक्षाको अध्यापनको लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर गरी आयुर्वेद चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थामा अध्यापन, सेवा तथा अनुसन्धान गर्ने, गराउने प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापक सम्झनु पर्छ ।

(ढ) "शैक्षिक संस्था" भन्नाले दफा १४ बमोजिम स्थापना भएको शैक्षिक संस्था सम्झनु पर्छ ।

(ण) "सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको सभा सम्झनु पर्छ ।

(त) "सहकुलपति" भन्नाले दफा १७ बमोजिम नियुक्त सहकुलपति सम्झनु पर्छ ।

## परिच्छेद-२
## प्रतिष्ठानको स्थापना, स्वरूप तथा काम, कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापना : (१) आयुर्वेद विज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न तथा स्वास्थ्य सेवामा सर्वसाधारण नागरिकहरुलाई सहज, सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनको लागि सुदूरपश्चिम प्रदेशमा एक सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान रहनेछ ।

(२) प्रतिष्ठानको मुख्य कार्यालय धनगढी, कैलालीमा रहनेछ ।

४. प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले प्रतिष्ठानको सर्वोत्तम हितलाई ध्यानमा राखी देहाय बमोजिम काम गर्न सक्नेछ :-

(क) नालिस उजुर गर्न वा नालिस उजुर उपर प्रतिरक्षा गर्न वा गराउन,

(ख) चल अचल सम्पत्ति प्राप्त वा उपभोग गर्न,

(ग) प्रचलित कानून बमोजिम करार गर्न ।

५. प्रतिष्ठानको स्वरूप : देहाय बमोजिमका संगठनको सामूहिक रुप नै प्रतिष्ठानको स्वरूप हुनेछ :-

(क) सभा,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) संकाय,

(ङ) अनुसन्धान केन्द्र,

(च) शैक्षिक संस्था,

(छ) चिकित्सालय ।

६. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयुर्वेद स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने वा गराउने, सोका लागि स्वदेशी तथा बिदेशी विश्वविद्यालय, शैक्षिक संस्था तथा चिकित्सालयसँग सम्झौता गर्ने,

(ख) नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ग) आयुर्वेद स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

(घ) आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया तथा स्वास्थ्य शिविर आयोजना गर्ने गराउने,

(ङ) आयुर्वेद स्वास्थ्य सम्बन्धी बिभिन्न पुस्तक, जर्नल, बुलेटिन तथा सचेतनामूलक पर्चा, पोष्टर प्रकाशन गर्ने, गराउने,

(च) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने ।

## परिच्छेद-३

## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. सभाको गठन : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति -अध्यक्ष

(ख) सहकुलपति -उपाध्यक्ष

(ग) उपकुलपति -सदस्य

(घ) सचिब, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(च) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ज) सचिव, उद्योग, वन, पर्यटन तथा वाताबरण मन्त्रालय -सदस्य

(झ) डीन -सदस्य

(ञ) सुदूरपश्चिम प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुखहरु मध्येबाट एकजना र उपप्रमुखहरुबाट एकजना गरी सभाले मनोनीत गरेका दुईजना -सदस्य

(ट) सुदूरपश्चिम प्रदेशभित्रका स्थानीय तहका प्रमुखहरु मध्येबाट एकजना र उपप्रमुख मध्येबाट एकजना गरी सभाले मनोनीत गरेका दुईजना -सदस्य

(ठ) प्रतिष्ठान मातहतका शैक्षिक संकायका विभागीय प्रमुखहरु -सदस्य

(ड) सबैभन्दा बढी चन्दा दिने चन्दादाताहरु मध्येबाट सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ढ) रजिष्ट्रार -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ञ) (ट) र (ड) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन बर्षको हुनेछ ।

(४) उपदफा (२) को खण्ड (ञ) (ट) र (ड) बमोजिम मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा जुन प्रक्रियाबाट पूर्ति गरिएको हो, सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) सभाको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. सभाको काम, कर्तव्य र अधिकार : (१) सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको विनियम स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने मानार्थ वा शैक्षिक उपाधि, छात्रवृत्ति प्रमाणपत्र, पदक र पुरस्कारको सम्बन्धमा निर्णय गर्ने,

(ङ) आफ्नो मातहतमा रहेका विभिन्न निकायलाई मार्गदर्शन गर्ने वा निर्देशन दिने,

(च) प्रादेशिक आयुर्वेद शिक्षा नीति निर्माण गर्ने सम्बन्धमा प्रदेश सरकारलाई आवश्यक सुझाब दिने,

(छ) प्रतिष्ठानको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(ज) लेखापरीक्षणको प्रतिबेदन कार्यान्वयन गर्ने, गराउने,

(झ) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने ।

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्दा प्रतिष्ठानको सर्बोत्तम हितलाई ध्यानमा राख्नु पर्नेछ ।

## परिच्छेद-४

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. प्राज्ञिक परिषद्को गठन : (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक प्राज्ञिक परिषद् रहनेछ :-

(क) उपकुलपति -अध्यक्ष

(ख) डीन -सदस्य

(ग) प्रतिष्ठान मातहतका विभिन्न शैक्षिक संकायका प्रमुखहरु -सदस्य

(घ) प्रतिष्ठान मातहतका पाठ्यक्रम तथा परीक्षा व्यवस्थापन महाशाखा प्रमुख -सदस्य

(ङ) प्रतिष्ठान अन्तर्गतका शिक्षकहरु मध्येबाट प्राज्ञिक परिषद्द्वारा मनोनीत कम्तीमा एकजना महिलासहित दुईजना -सदस्य

(च) आयुर्वेद क्षेत्रको अध्ययन, अनुसन्धानमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट प्राज्ञिक परिषद्द्वारा मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(छ) निर्देशक -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(३) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(४) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१०. प्राज्ञिक परिषदको काम, कर्तव्य र अधिकार : (१) प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्न नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ख) आयुर्वेद स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय र तहमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) शैक्षिक संस्थाको लागि आवश्यक पर्ने शिक्षकको योग्यता निर्धारण गर्ने,

(घ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालिम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(ङ) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(च) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(छ) प्रतिष्ठानबाट संचालित अध्ययन कार्यक्रममा सफल हुने विद्यार्थीलाई उपाधी प्रदान गर्न सभामा सिफारिस गर्ने,

(ज) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने मानार्थ उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्न सभामा सिफारिस गर्ने,

(झ) गुणस्तरीय पाठ्यपुस्तक तयार गर्ने,

(ञ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम, तथा प्रशिक्षण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ट) अध्ययन, तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(ठ) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन गर्ने, र

(ड) तोकिए बमोजिम अन्य काम गर्ने ।

## परिच्छेद-५

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

११. कार्यकारी परिषद्को गठन : (१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) उपकुलपति -अध्यक्ष

(ख) डीन -सदस्य

(ग) रजिष्ट्रार -सदस्य

(घ) शैक्षिक संस्थाका प्रमुखहरुमध्येबाट बरिष्ठ एकजना -सदस्य

(ङ) शिक्षकहरु मध्येबाट समावेशीका आधारमा बरिष्ठ दुईजना -सदस्य

(च) निर्देशक -सदस्य सचिव

(३) कार्यकारी परिषद्को बैठक वर्षमा कम्तीमा ४ पटक बस्नेछ ।

(४) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि आफैंले बनाए बमोजिम हुनेछ ।

१२. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने विनियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्तावहरु तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(घ) मातहतका निकायबाट सम्पन्न भएका काम, कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकतानुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(ङ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको कोष तथा चल, अचल, सम्पत्तिको व्यवस्थापन, रेखदेख र संरक्षण गर्ने,

(च) प्रदेश लोक सेवा आयोगबाट सिफारिस भै आएका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा पदस्थापन गर्ने,

(छ) प्रचलित सेवा सम्बन्धी कानून बमोजिम बढुवा गर्ने,

(ज) प्रतिष्ठानलाई प्राप्त विभिन्न किसिमका सहयोग सम्बन्धित निकायको अनुमति लिई ग्रहण गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

## परिच्छेद-६

## संकाय, शैक्षिक संस्था, चिकित्सालय तथा अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था

१३. संकाय तथा अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानमा देहाय बमोजिमका संकायहरु रहने छन :-

(क) काय-चिकित्सा संकाय (सामान्य चिकित्सा विभाग) ,

(ख) शल्य-शालाक्य संकाय (नाक, कान, घाटी रोग विभाग),

(ग) कौमारभृत्य तथा स्त्री एवं प्रसुति संकाय (बालरोग, स्त्री एवं प्रसूति विभाग),

(घ) द्रब्यगुण तथा रसशास्त्र संकाय (आयुर्वेदिय औषधि विज्ञान र औषधि निर्माण विभाग),

(ङ) पंचकर्म तथा योग संकाय (आन्तरिक शरीर शुद्धीकरण विधि विभाग) ।

(२) उपदफा (१) बमोजिम स्थापित संकायको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) प्रतिष्ठानमा एक अनुसन्धान केन्द्र रहनेछ ।

(४) उपदफा (३) बमोजिम स्थापित अनुसन्धान केन्द्रको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१४. शैक्षिक संस्थाको स्थापना तथा सञ्चालन : (१) प्रतिष्ठानले आयुर्वेद स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अध्यापन गर्ने, गराउने उद्देश्यले शैक्षिक संस्था स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थापित शैक्षिक संस्थाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१५. आयुर्वेद चिकित्सालय स्थापना र सञ्चालन : (१) नागरिकलाई सहज, सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि आयुर्वेद चिकित्सालयको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित चिकित्सालय शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुको लागि चिकित्सा अभ्यासस्थलको रुपमा समेत रहनेछ ।

(३) आयुर्वेद चिकित्सालयको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था

१६. कुलपति : (१) मुख्यमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख संरक्षकको भूमिकामा रहनेछ ।

१७. सहकुलपति : (१) सामाजिक विकास मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ ।

(२) सहकुलपति प्रतिष्ठानको सहसंरक्षकको भूमिकामा रहनेछ ।

१८. उपकुलपति : (१) प्रतिष्ठानमा एकजना उपकुलपति रहनेछ र निजले प्रतिष्ठानमा प्रमुख व्यवस्थापकको रुपमा पूरा समय काम गर्नेछ ।

(२) उपकुलपतिको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :-

(क) सहकुलपति -अध्यक्ष

(ख) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय -सदस्य

(ग) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिसमा कुलपतिले उपकुलपतिको नियुक्ति गर्नेछ ।

(४) देहायको योग्यता भएको नेपाली नागरिक प्रतिष्ठानको उपकुलपतिको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबट आयुर्वेद स्वास्थ्य विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) सम्बन्धित क्षेत्रको नीति निर्माण तहमा कम्तीमा १० वर्ष कार्यानुभव भएको,

(ग) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) दामासाहीमा नपरेको,

(च) उमेरको हकमा ४० वर्ष पूरा भएको र ६५ वर्ष ननाघेको,

(छ) उच्च नैतिक चरित्र भएको ।

(५) प्रतिष्ठानको उपकुलपतिको पदावधि नियुक्ति भएको मितिले ४ वर्ष हुनेछ ।

(६) उपकुलपतिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९. डीन : (१) प्रतिष्ठानको सम्पूर्ण संकायहरुको प्रमुख भई काम गर्नको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले एकजना डीनको नियुक्ति गर्नेछ ।

(२) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) देहायको योग्यता भएको नेपाली नागरिक प्रतिष्ठानको डीनको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट आयुर्वेद स्वास्थ्य विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नेपाल सरकार वा प्रदेश सरकार वा अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त आयुर्वेद संस्थाको नीति निर्माण तहको पदमा कम्तीमा नवौ तहमा ५ वर्ष कार्यानुभव भएको,

(ग) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दल वा पेशागत संघसंस्थाको सदस्य नरहेको,

(घ) कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) दामासाहीमा नपरेको,

(च) उमेरको हकमा ३५ वर्ष पूरा भएको र ६० वर्ष ननाघेको,

(छ) उच्च नैतिक चरित्र भएको ।

(४) प्रतिष्ठानको डीनको पदावधि नियुक्ति भएको मितिले ४ वर्ष हुनेछ ।

(५) डीनको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. <u>रजिष्ट्रार</u> : (१) प्रतिष्ठानको प्रशासकीय प्रमुखको रुपमा एकजना रजिष्ट्रार रहनेछ र निजको नियुक्ति उपकुलपतिको सिफारिसमा सहकुलपतिले गर्नेछ ।

(२) देहायको योग्यता भएको नेपाली नागरिक प्रतिष्ठानको रजिष्ट्रारको पदमा नियुक्तिको लागि योग्य हुनेछ :-

(क) स्वास्थ्य वा विज्ञान तथा प्रविधि वा इन्जिनियरिङ्ग वा व्यवस्थापन वा जनप्रशासन वा कानून वा मानविकी संकायमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) सम्बन्धित क्षेत्रमा उच्च प्रशासक वा व्यवस्थापकको रुपमा कम्तीमा १० वर्ष काम गरेको,

(ग) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दल वा पेशागत संघसंस्थाको सदस्य नरहेको,

(घ) कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) दामासाहीमा नपरेको,

(च) उमेरको हकमा ३५ वर्ष पूरा भएको र ६० वर्ष ननाघेको, र

(छ) उच्च नैतिक चरित्र भएको ।

(३) प्रतिष्ठानको रजिष्ट्रारको पदावधि नियुक्ति भएको मितिले ४ वर्ष हुनेछ ।

(४) रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. <u>निर्देशक</u> : (१) रजिष्ट्रारको सिफारिसमा उपकुलपतिले चिकित्सालयमा कार्यरत बरिष्ठ आयुर्वेद चिकित्सकलाई सो चिकित्सालयको निर्देशकको रुपमा काम गर्न तोक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशकले चिकित्सालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

(३) निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२२. <u>पद रिक्त हुने</u> : (१) दफा १८ को उपदफा (५), दफा १९ को उपदफा (४) र दफा २० को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा उपकुलपति, डीन र रजिष्ट्रारको पद रिक्त हुनेछ :-

(क) सहकुलपति मार्फत कुलपति समक्ष लिखित राजिनामा दिएमा,

(ख) उपदफा (५) बमोजिम पदमुक्त भएमा,

(ग) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी मेडिकल बोर्डले दिएको सिफारिसको आधारमा कुलपतिले पदमुक्त गरेमा,

(घ) निजको मृत्यु भएमा ।

(२) प्रचलित कानूनको उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको भनी सभामा रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यले आरोपको प्रस्ताव सभामा पेश गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम आरोपको प्रस्ताव पेश भई दर्ता भएमा त्यस्तो प्रस्तावमा उल्लिखित आधार र कारण विद्यमान भए नभएको सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न आरोपको प्रस्ताव दर्ता भएको मितिले तीस दिनभित्र सभाले एक छानविन समिति गठन गर्नेछ र आरोपितलाई सो अवधिभित्र सफाईको मौका समेत दिईनेछ ।

(४) आरोपको प्रस्ताव उपर छानविन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले पदमुक्त गर्ने भनी सिफारिस सहितको प्रस्ताव सभामा पेश गरेमा र सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेमा आरोपित पदाधिकारी पदबाट मुक्त हुनेछ ।

(६) उपदफा (५) बमोजिम पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनीत हुन सक्ने छैन ।

२३. पारिश्रमिक र सेवाका शर्त : प्रतिष्ठानका उपकुलपति, डीन र रजिष्ट्रारको पारिश्रमिक र सेवाका शर्त तोकिए बमोजिम हुनेछ र निजहरु आफ्नो पदमा बहाल रहेसम्म मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विशृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

२४. प्रतिष्ठानका शिक्षक तथा कर्मचारी : (१) प्रतिष्ठानमा संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट एकिन भएको संख्यामा शिक्षक तथा कर्मचारी रहने छन् ।

(२) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको भर्ना र सिफारिसका लागि प्रदेश लोक सेवा आयोगले परीक्षा लिनेछ ।

(३) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुनेछ ।

(४) प्रतिष्ठानले आबश्यकता बमोजिम नेपाल सरकार एवं प्रदेश सरकारका आयुर्वेद समूहका कर्मचारीलाई सम्बन्धित निकायको स्वीकृतिमा प्रतिष्ठानमा काम गराउन सक्नेछ ।

२५. प्रदेश लोक सेवा आयोगलाई अनुरोध गर्ने : दफा २४ को उपदफा (२) को प्रयोजनको लागि प्रदेश लोक सेवा आयोगलाई अनुरोध गर्नु पर्नेछ ।

२६. <u>कर्मचारी काजमा खटाउन सक्ने</u> : (१) प्रदेश सरकारले आयुर्वेद स्वास्थ्य सेवाको सम्बन्धित निजामती कर्मचारीलाई प्रतिष्ठानको अनुरोधमा प्रतिष्ठानमा काजमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम काजमा खटिएको कर्मचारीले प्रतिष्ठानका कर्मचारीले पाए सरहको सुविधा पाउनेछ ।

तर दोहोरो सुबिधा पाउने छैन ।

## परिच्छेद-८
## <u>प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण</u>

२७. <u>प्रतिष्ठानको कोष</u> : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था, वा विदेशी सरकारबाट अनुदान स्वरूप प्राप्त रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रतिष्ठानको कोषको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(७) स्रोतको सुनिश्चितता नगरी तथा कोषले नधान्ने गरी कुनै प्रकारको दायित्त्व सिर्जना गरिने छैन र कोषको क्षमता विपरीत दायित्त्व सिर्जना गरेमा सो दायित्त्व सिर्जना गर्ने व्यक्ति जिम्मेवार हुनेछ ।

२८. <u>लेखा र लेखापरीक्षण</u> : (१) प्रतिष्ठानको आय र व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-९
## <u>विविध</u>

२९. <u>प्रवेश परीक्षा सम्बन्धी व्यवस्था</u> : (१) प्रतिष्ठान आफैंले वा तोकेको संस्थाले सञ्चालन गरेको प्रवेश परीक्षामा उत्तीर्ण मध्ये प्राप्तांकको आधारमा योग्यताक्रम निर्धारण गरी भर्ना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरेको प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा एकीकृत सूची तयार गरी प्रकाशन गर्नेछ । त्यसरी सूची प्रकाशन गर्दा प्रदेश सरकारलाई उपलब्ध गराइएको छात्रवृत्तिको सिट संख्या, यो ऐन तथा प्रचलित कानून बमोजिम आरक्षण गरिएको सिट संख्या, विदेशी विद्यार्थीको लागि छुट्टयाइएको सिट संख्या र खुल्ला सिट संख्या समेत सूचीमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम योग्यताक्रमको सूची तयार गर्दा स्नातक तह भन्दा माथिको तहमा तोकिएका दुर्गम क्षेत्रमा सेवा गरेका चिकित्सकलाई तोकिए बमोजिमको प्रतिशतमा विशेष अंकभार प्रदान गरी योग्यताको सूची तयार गरिनेछ ।

(४) बि.ए. एम.एस. पूरा गरेका चिकित्सकले कम्तीमा दुई वर्ष कार्य अनुभव हासिल गरेपछि मात्र स्नातकोत्तर कार्यक्रमको प्रवेश परीक्षामा सहभागी हुन पाउनेछ ।

(५) प्रवेश परीक्षाको पाठ्यक्रम, पाठ्यभार तथा परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. सम्बन्धन दिन प्रतिबन्ध : प्रतिष्ठानले कुनै पनि शैक्षिक संस्थालाई सम्बन्धन दिन सक्ने छैन ।

३१. अन्य संस्थालाई समाहित गर्न सक्ने : (१) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएका आयुर्वेद विज्ञान सम्बन्धी कुनै संस्था प्रतिष्ठानसँग समाहित हुन चाहेमा प्रतिष्ठानले त्यस्तो संस्थालाई प्रतिष्ठानमा समाहित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिष्ठानमा समाहित गर्ने सम्बन्धी आधार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३२. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा उल्लिखित कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

३३. विद्यार्थी भर्ना सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा स्नातक र स्नातकोत्तर तहमा विद्यार्थी भर्ना गर्दा सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीहरुका लागि ४५% सीटको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम छुट्याइएको सीट संख्यालाई समावेशी बनाउन तोकिए बमोजिम भर्ना गरिनेछ ।

(३) उपदफा (१) बमोजिम छुट्याई बाँकी रहेको सीटमा खुला प्रतिस्पर्धाबाट योग्यताक्रमको आधारमा भर्ना गरिनेछ ।

३४. छात्रवृत्ति उपलब्ध गराउनुपर्ने : (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा भर्ना गर्ने कूल विद्यार्थी संख्याको कम्तीमा पन्ध्र प्रतिशत सिटमा विपन्न, पिछडिएका क्षेत्र र समावेशी सिद्धान्तका आधारमा विद्यार्थीलाइ पूर्ण रुपमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "विपन्न" भन्नाले विपन्न घर परिवार परिचयपत्र लिएका परिवारको सदस्यलाई वा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णयबाट विपन्न भनी प्रमाणित भएको व्यक्ति सम्झनु पर्छ ।

(२) प्रतिष्ठानले जेहन्दार विद्यार्थीलाई आंशिक वा पूर्ण रुपमा छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम छात्रवृत्ति उपलब्ध गराउने अन्य आधार तोकिए बमोजिम हुनेछ ।

(४) भर्नाका लागि छनौट भएका विद्यार्थीलाई कुनै निकाय वा संस्थाले प्रतिष्ठानमा अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ । सोका लागि त्यस्तो निकाय वा संस्थाले प्रतिष्ठानसँग सम्झौता गर्नु पर्नेछ ।

३५. <u>कबुलियतनामा गर्नुपर्ने</u> : दफा ३३ को उपदफा (१) बमोजिमको सिटमा वा दफा ३४ बमोजिमको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात् प्रदेश सरकार वा नेपाल सरकारले खटाएको दुर्गममा दुई वर्ष र सुगममा तीन वर्ष काम गर्ने गरी कबुलियतनामा गर्नु पर्नेछ ।

३६. <u>तोकेको स्थानमा काम गर्नुपर्ने</u> : (१) दफा ३३ को उपदफा (१) बमोजिमको सिटमा वा दफा ३४ बमोजिमको छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले दफा ३५ बमोजिमको कबुलियतनामामा तोकेको अवधिभर तोकिएको क्षेत्रमा काम गर्नु पर्नेछ ।

(२) दफा ३३ को उपदफा (१) बमोजिम तोकिएको सिट वा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले दफा ३५ बमोजिमको कबुलियतनामामा तोकेको अवधिभर तोकिएको क्षेत्रमा काम गरेपछि मात्र प्रतिष्ठानले त्यस्तो विद्यार्थीलाई शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र दिनेछ ।

३७. <u>वार्षिक प्रतिवेदन</u> : (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरी गरेको काम कारबाहीको आय र व्यय विवरण समेतको वार्षिक प्रतिवेदन तथा आगामी वर्षको कार्ययोजना प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले वर्षभरीमा कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुरा उल्लेख गर्नु पर्नेछ ।

३८. <u>अधिकार प्रत्यायोजन</u> : (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद् वा कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद् वा कार्यकारी परिषद्‌ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९. <u>निर्देशन दिन सक्ने</u> : प्रतिष्ठानको काम कारबाहीको सम्बन्धमा प्रदेश सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

४०. <u>प्रदेश सरकारसँग सम्पर्क</u> : प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४१. <u>शपथ लिनुपर्ने</u> : प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

४२. <u>विनियम बनाउने अधिकार</u> : (१) यस ऐनको कार्यान्वयनको लागि प्रतिष्ठानले आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारलाई थप आर्थिक भार पर्ने विषयमा विनियम बनाउँदा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

♣♣♣